# लेखापरीक्षणमा प्रभावकारिताको लागि
## महालेखापरीक्षकको कार्यालयको कामकारबाहीसम्बन्धी जानकारी

नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले महालेखापरीक्षकको नियुक्ति गर्ने व्यवस्था छ । राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने काम कर्तव्य तोकिएको छ । पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणमा लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने, लेखापरीक्षण कामका लागि लेखासम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार र संघीय कानुनबमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा लेखा राख्ने एवं अन्य कुनै कार्यालय लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानुनमा व्यवस्था गर्न सकिने गरी संविधानले महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ ।

लेखापरीक्षण (पहिलो संशोधन) ऐन, २०७३ अनुसार महालेखापरीक्षकले लेखापरीक्षण गर्ने सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संगठित संस्था वा अन्य संस्थाको सबै वा ती अन्तर्गतका कुनै इकाई मात्र छनौट गरी आर्थिक कारोबार र सोसँग सम्बन्धित अन्य क्रियाकलापहरुको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएका तथ्यहरु दर्शाउन, त्यसमा आलोचना गर्न र आर्थिक विवरणउपर आवश्यकतानुसार रायसहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा सरकारी कार्यालय वा संस्थाले कारोबारको सूचना प्रवाह गर्न अपनाएका सूचना प्रविधिमा महालेखापरीक्षक वा कर्मचारीको पहुँच हुने अधिकार निर्दिष्ट गरेको छ । ऐनबमोजिम सामयिक लेखापरीक्षण गर्नसक्ने र सोको विधि, तरिका, क्षेत्र र परीक्षण गर्ने कुराहरु महालेखापरीक्षकले तोकिदिएबमोजिम हुने उल्लेख छ ।

विनियोजन ऐन तथा अन्य प्रचलित ऐनबमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट बजेट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरु सोही शीर्षक तथा उपशीर्षकको सीमामा रही तोकिएको प्रयोजनमा खर्च भए नभएको, कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखे नराखेको, केन्द्रीय तहका कार्यालयहरुले विनियोजन, राजस्व, धरौटीलगायतका सम्पूर्ण आर्थिक कारोबारको केन्द्रीय लेखा राखी केन्द्रीय विवरण तयार पारे नपारेको, केन्द्रीय आर्थिक विवरणले आर्थिक कारोबारको चित्रण गरे नगरेको, आम्दानी खर्च भएका कलमहरुको पुष्ट्याई हुने प्रमाण यथेष्ट भए नभएको, नगदी जिन्सीलगायत उपलब्ध स्रोत, साधन र सम्पत्तिको उचित रुपमा उपयोग गरे नगरेको एवंम सम्पत्तिको हानि नोक्सानी नहुने गरी संरक्षणको व्यवस्था गरे नगरेको, सरकारी ऋण तथा लगानी र सोसँग सम्बन्धित साँवा, ब्याज, लाभांश आदिको लेखा राख्ने व्यवस्था पर्याप्त भए नभएको र यथार्थ रहे नरहेको सम्बन्धी विषयहरुको परीक्षण गर्ने गरी ऐनले व्यवस्था गरेको छ ।

त्यस्तै आन्तरिक लेखापरीक्षण भए नभएको र भएकोमा प्रतिवेदन कार्यान्वयनको स्थिति सन्तोषजनक भए नभएको, सरकारी कोषमा जम्मा हुने राजस्व र धरौटी सम्बन्धी ऐन, नियम, निर्णय, आदेश र तत्सम्बन्धी कार्यविधिको व्यवस्थापन र पालना भए नभएको, औद्योगिक तथा व्यावसायिक सेवाहरुको आम्दानी खर्चको लेखा, जिन्सी, नगद तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र सोको कानुन पर्याप्त भए नभएको एवं तिनको पालना गरे नगरेको, कार्यालयको संगठन र व्यवस्थापन तथा कार्यविभाजन यथेष्ट र समुचित भए नभएको र सोअनुसार कार्यसञ्चालन रहे नरहेको, कुनै काम अनावश्यक रुपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको वा गर्नुपर्ने कुनै काम छुटाएको वा कार्यालयको काम निर्दिष्ट समयमा गर्ने गराउने प्रभावकारी व्यवस्था भए नभएको परीक्षण गर्ने गरी ऐनले महालेखापरीक्षकलाई अधिकार प्रदान गरेको छ ।

संगठन र कार्यक्रमको उपलब्धि किटान गर्ने आधार स्पष्ट भए नभएको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भए नभएको तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक भए नभएको, निर्दिष्ट उद्देश्य तथा नीति अनुरुप कार्यक्रम कार्यान्वयन भए नभएको, स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरे नगरेको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिब भए नभएको, लक्ष्य प्रगति तथा लागत खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो भए नभएको, प्रचलित कानुन अनुरुप अनुगमन भए नभएको र वित्तीय कारोबार लगत व्यवस्था र प्रतिवेदन व्यवस्थालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास भए नभएको परीक्षण गर्ने गरी महालेखापरीक्षक (सर्वोच्च लेखापरीक्षण संस्था) लाई ऐनबाट अधिकार प्रदान भएको छ ।

महालेखापरीक्षकले तोकिएका निकायहरुको वित्तीय लेखापरीक्षणको अतिरिक्त कार्यमूलक, सूचना प्रविधि, विधिविज्ञान, लैङ्गिक, वातावरणीय तथा सामयिक लेखापरीक्षण गरी तोकिएको ढाँचामा रायसहितको लेखापरीक्षण प्रतिवेदन समेत जारी गर्न सक्ने व्यवस्था ऐनले गरेको छ । वार्षिक रुपमा सम्पादन गरेको लेखापरीक्षण कार्यको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश हुने, उक्त प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष प्रस्तुत भई संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने व्यवस्था छ । लेखापरीक्षण कार्य स्वतन्त्र रुपमा

सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको यथार्थ अवस्थाको सम्बन्धमा व्यवस्थापिका-संसदलाई जानकारी गराउने अधिकारसमेत ऐनद्वारा प्रदत्त भएको छ ।

महालेखापरीक्षकले लेखापरीक्षण गरी जारी गरेका प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरुमा सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने व्यहोराहरुको जबाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुन: जाँच (सम्परीक्षण) गर्ने लगायतका कार्यहरु गर्नसक्ने र सो सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनसक्ने व्यवस्थासमेत ऐनले गरेको छ । नेपालको संविधानको अधीनमा रही वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरु र सरकारी अनुदान प्राप्त गर्ने निकाय र कार्यक्रमको लेखापरीक्षण गर्ने वा लेखापरीक्षण सम्बन्धमा व्यवस्था मिलाउनका लागि सरकारी कार्यालय, संगठित संस्था वा अन्य संस्थालाई समय समयमा निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुने व्यवस्था छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ मा प्रचलित लेखाप्रणालीअनुसार जिम्मेवार व्यक्ति जबाफदेही हुने, लेखापरीक्षण गर्ने, स्पष्टीकरण नदिने उपर कारबाही गरिने, बेरुजू फछ्र्यौट गर्ने गराउने दायित्व जिम्मेवार व्यक्तिको हुने समेतको व्यवस्था छ । महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैंतीस दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । म्यादभित्र बेरुजू रकम फछ्र्यौट तथा सम्परीक्षण नगराएमा महालेखापरीक्षकले लेखाउत्तरदायी अधिकृतलाई जानकारी दिने, सो जानकारीको कारबाही गर्ने जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने एवं लेखाउत्तरदायी अधिकृतले पनि कारबाही नगरेमा विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने व्यवस्था समेत सो ऐनले गरेको छ । यो व्यवस्था अनुसार लेखाउत्तरदायी अधिकृतबाट कारबाही टुङ्गो नलगाएको व्यहोरा विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी गराउने गरिएको छ ।

महालेखापरीक्षक सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को सदस्य भई गुणस्तरीय लेखापरीक्षण गर्न ती संस्थाबाट प्रतिपादित लेखापरीक्षण मानहरु प्रयोगमा ल्याई कार्य गर्दै आएको छ । नेपाल हाल एसोसाईको गभर्निङ्ग बोर्डको सदस्य समेत रहेको छ ।

यस कार्यालयले नेपालको संविधान, लेखापरीक्षण ऐन तथा प्रचलित कानुनको अधीनमा रही वार्षिक लेखापरीक्षण योजना तथा कार्यक्रम तर्जुमा गरी लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराउने गरिएको छ । साथै लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्न *लेखापरीक्षण कार्यविधि, २०७३* तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । सोबमोजिम स्थलगत रुपमा लेखापरीक्षण/सम्परीक्षण गरी प्रतिवेदन उपलब्ध गराउने गरिएको छ ।

कार्यालयले लेखापरीक्षणलाई मर्यादित बनाई, सक्षम र सवलीकरण गर्ने दिशामा विभिन्न मानदण्ड, मार्ग निर्देशन र लेखापरीक्षणमानहरु प्रयोगमा ल्याई पारदर्शिता, जबाफदेहिता र असल पद्धति बसाल्न भूमिका निर्वाह गर्दै आएको छ । लेखापरीक्षण कार्यलाई बढी सूचनामूलक, यथार्थ र पारदर्शी बनाउने अभिप्रायले कार्यमूलक लेखापरीक्षणमा आवश्यकतानुसार नागरिक समाजको सहभागिता गराउँदै आइएको छ । संविधानले व्यवस्था गरेबमोजिम स्थानीय तहको लेखापरीक्षणको लागि प्रक्रिया अघि बढाइएको छ ।

संविधान प्रदत्त जिम्मेवारी वहन गर्न कार्यालयले रणनीतिक योजना (२०७३-२०७७) तर्जुमा गरी जनहितका लागि जबाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने दूरदृष्टि एवं सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा सरोकारवालालाई आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरेको छ । स्वतन्त्रता, निष्ठा, व्यावसायिकता, पारदर्शिता र जबाफदेहिता यस कार्यालयका मूल्य मान्यताहरु हुन् ।

लेखापरीक्षणको माध्यमबाट आर्थिक अनुशासन कायम गर्न नेपालको संविधान एवं प्रचलित कानुनले यस कार्यालयलाई महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । आर्थिक सुशासनले मुलुकको संवृद्धिमा मद्दत गर्दछ । अत: लेखापरीक्षणलाई अझ बढी उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय बनाउन सबै क्षेत्रबाट सुझावको अपेक्षा गरिएको छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोगमा कुनै किसिमको अनियमतता, दुरुपयोग वा हिनामिना भएको जानकारी भएमा नागरिक समाज, सामुदायिक संघसंस्था र सरोकारवालाले यस कार्यालयलाई जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ । राष्ट्रको स्रोत र साधनको अपव्यय नियन्त्रण गर्न महालेखापरीक्षकको कार्यालयको क्रियाशीलतालाई अगाडि बढाउन सबैको साथ र सहयोग आवश्यक छ । गुणस्तरीय लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्न कार्यालय प्रतिबद्ध छ ।


महालेखापरीक्षकको कार्यालय,
बबरमहल, काठमाडौं ।

- पोष्ट बक्स नं. १३३२८
- फोन नं. ०१-४२६२३८२/फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
- इमेल: oagnep@ntc.net.np, info@oagnep.gov.np
- वेभसाइट: www.oagnep.gov.np